**REGIONAL NEWS UNIT**

**ALL INDIA RADIO GANGTOK**

**NEPALI NEWS BULLETIN**

**Date: 18.08.2024** **18:40 hrs**

**Nepali Notification**

भाषा दिवसको अवसरमा भएको घोषणाको तुरन्तै राज्य सरकारको गृह विभागले हिजोदेखि नेपाली र अग्रेजी दुवै भाषामा जारी गर्न शुरू गरेको अधिसूचनाका निम्ति राज्य साथै राज्य बाहिरका विभिन्न संघ-संस्थाले मुख्यमन्त्री श्री प्रेमसिंह तामाङप्रती कृतज्ञता व्यक्त गरेका छन्।

अधिसूचनाका निम्ति आभार व्यक्त गर्ने संघ-संस्थाहरूमा नेपाली साहित्य परिषद् सिक्किम, प्रेस क्लब अफ सिक्किम, अखिल सिक्किम खस छेत्री-बाहुन कल्याण संघ, गुरूङ संगठन सिक्किम, भालेढुङ्गा साहित्यिक मञ्च याङगाङ, Joint Action Council, नरबहादुर भण्डारी सरकारी महाविद्यालय तादोङ, अखिल किरात राई संघ सिक्किम, अखिल सिक्किम मगर संगठन, सिक्किम क्रान्तिकारी मोर्चा पार्टी आदि रहेका छन्।

नेपाली भाषाको विकास, प्रवर्द्धन र संवर्द्धनमा सिक्किम सरकारको यस महत्त्वपूर्ण पहलले ठूलो भूमिका निर्वहन गर्ने विषयमाथि विश्वस्त रहेको विभिन्न संघ-संस्थाले बताएका छन्।

यस अधिसूचनाले सिक्किम आधिकारिक भाषा ऐन, 1977-ले नेपाली भाषालाई राज्यमा एउटा आधिकारिक भाषाका रूपमा मान्यता दिएको विषय स्पष्ट पारेको सबैले जारी गरेको आ-आफ्नो प्रेस बयानमा बताइएको छ।

---------------------------------------X---------------------------------------

**CM Meets Rinpoche**

मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले आज आफ्नो सरकारी निवास मिन्तोकगाङमा खेन रिम्पोछे साङ्गे लोडे र टुल्कु रिम्पोछे नेया जामगालाई स्वागत जनाउनुभयो। मुख्यमन्त्रीले दुवै रिम्पोछेसित छुट्टाछुट्टै रूपमा भएको भेटमा सौभाग्यपूर्ण अनुभव भएको बताउनुभएको छ।

श्री तामाङले सिक्किमवासीको तर्फमाबाट प्रार्थना गर्दै उहाँहरूबाट सबै नागरिकको जीवनमा शान्ति र समृद्धिको निम्ति आशिर्वाद लिनुभयो। उहाँले रिम्पोछेहरूको उपस्थिति र ज्ञानले वातावरण शान्तिमय बनेको बताउनुभएको छ।

यसअघि, मुख्यमन्त्रीले मिन्तोकगाङमा सशस्त्र सीमा बल (SSB) सीमान्त मुख्यालय, सिलगढ़ीका महानिरीक्षक श्री सुधिर कुमारसित भेट गर्नुभयो।

बैठकमा सीमावर्ती क्षेत्रमा वर्तमान सुरक्षा स्थितिसहित विभिन्न महत्त्वपूर्ण विषयमाथि ध्यान केन्द्रित गरियो। मुख्यमन्त्री र महानिरीक्षकबीच समन्वय र दक्षतामा सुधार ल्याउने उद्देश्यले हालै भएको विकास र पहलको समीक्षाबारे पनि चर्चा भयो।

यस अवसरमा क्षेत्रीय मुख्यालय, गान्तोकका DIG श्री बल्वान सिंह पनि उपस्थित हुनुहुन्थ्यो।

---------------------------------------X--------------------------------------

**Coordination Meeting**

श्रीमती कृष्ण राईको अध्यक्षतामा नाम्ची-सिङ्गीथाङ निर्वाचन क्षेत्रको सिङगिथाङमा समन्वय बैठक बस्यो।

श्रीमती राईले मुख्यमन्त्रीले गर्नुभएका वाचालाई विश्वास गरेर यसमाथि सहयोग पुऱ्याएकोमा सबैप्रति आभार व्यक्त गर्नुभयो, जसले सरकारको दोस्रो कार्यकालका निम्ति ऐतिहासिक जितमा ठूलो योगदान पुऱ्याएको छ।

उहाँले सुनौलो सिक्किमको दिशामा नाम्ची-सिङगीथाङ क्षेत्रलाई विकसित गराउन टिम नाम्चीको ब्यानरमा रहेको सामुहिक प्रयासलाई प्रोत्साहित गर्नुभयो। श्री राईले शहरी विकास तथा खाद्य एवं नागरिक आपूर्ति विभाग मन्त्री श्री भोजराज राईले मानिसहरूका सरोकारलाई सम्बोधन गर्ने उद्देश्यले हालै गर्नुभएको नाम्ची बजारको निरीक्षणका निम्ति आभार व्यक्त गर्नुभयो।

यसका साथै उहाँले नेपाली र अङग्रेजी दुवै भाषामा अधिसूचनाहरू जारी गरेर नेपाली अनुवादकहरूका लागि नयाँ अवसरहरू सिर्जना गर्ने नयाँ प्रयासको उल्लेख गर्दै राज्य सरकारका नयाँ नीतिहरूमाथि प्रकाश पार्नुभयो। उहाँले मानिसहरूसित चिकित्सा सहायताको आवेदनमा revenue stamp लगाउन पनि आग्रह गर्नुभयो। श्रीमती कृष्ण राईले मुख्यमन्त्रीको निर्देशनमा आमा योजना र घरको उन्नयनका निम्ति तुरन्तै चेक वितरण गरिने पनि जानकारी गराउनुभयो।

यस अवसरमा नाम्चीकी जिल्ला अध्यक्ष श्रीमती अन्जीता राजालिम, नाम्ची नगरपालिकाकी उपाध्यक्ष श्रीमती सावित्री तामाङ, र नाम्चीका अतिरिक्त जिल्लापाल विकास डाक्टर CP राई उपस्थित हुनुहुन्थ्यो।

---------------------------------------X---------------------------------------

**Pakyong Awareness Camp**

जिल्ला महिला सशक्तिकरण केन्द्र पाकिमले आज लैङ्गिक संवेदनशीलता र अन्तरक्रियामाथि जागरूकतामूलक कार्यक्रम आयोजन गऱ्यो। विभिन्न विद्यालयका विद्यार्थीहरूका निम्ति रिनाक सरकारी महाविद्यालयमा आयोजित कार्यक्रममा लैङ्गिक विशेषज्ञ श्रीमती कुसुम शर्माले One Stop Centre र महिला Help Line-को बारेमा जानकारी गराउनुभयो। यस अवसरमा रिनाक महाविद्यालयको थिएटर क्लबका कलाकारहरूद्वारा लैङ्गिक समानतामाथि कविता वाचन गर्नका साथै नाटक मञ्चन गरियो।

विद्यार्थीहरूबीच आगामी भविष्यमा लैङ्गित समानता हासिल गर्न सकिन्छ/सकिँदैन भन्ने विषयमा तर्क प्रतियोगिता पनि सम्पन्न भयो।

---------------------------------------X---------------------------------------

**NMB Abhiyaan**

मंगनका जिल्लाधीश श्री अनन्त जैनको निर्देशनमा मंगन नगर पञ्चायत परिसरमा आज नशामुक्त भारत अभियानमाथि जागरूकता कार्यक्रम आयोजन गरियो।

कार्यक्रमका स्रोतवक्ता श्री नुरसासुस लेप्चाले लागूपदार्थको प्रयोग विरुद्ध लड्न भारत सरकारको सामाजिक न्याय एवं सशक्तिकरण मन्त्रालयको प्रमुख अभियान नशामुक्त भारत अभियानबारे जानकारी प्रदान गर्नुभयो।

---------------------------------------X---------------------------------------

**BGPS**

भारतीय गोर्खा परिसंघ सिक्किम शाखाले आगामी पच्चीस अगस्तका दिन पाकिम जिल्लाको डुगामा बलिदान दिवस पालन गर्ने भएको छ। सो अवसरमा देश र समाजको निम्ति उल्लेखनीय योगदान दिने व्यक्तित्वहरूलाई अभिनन्दित जनाइने छ। हिजो राजधानीमा आयोजित पत्रकार सम्मेलनमा यसको जानकारी दिँदै परिसंघका अध्यक्ष श्री चुनिलाल घिमिरेले भारतको स्वतन्त्रता संग्राममा जीवनको बलिदान दिने गोर्खे सेनानी मेजर दुर्गा मल्लको सम्मानमा यो दिवस मनाउने बताउनुभयो। देश स्वतन्त्रतामा गोर्खाहरूले दिएको योगदानलाई प्रकाशमा ल्याउनु आवश्यक रहेको बताउँदै श्री घिमिरेले भन्नुभयो, परिसंघले यस कार्यलाई अघि बढाउने काम गरिरहेछ।

---------------------------------------X---------------------------------------